नेपाल सरकार

अर्थ मन्त्रालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, ललितपुर

प. सं.:

च. नं.:

## प्रेस विज्ञप्ति

अवैध रुपमा बहुमूल्य धातु सुनको भण्डारण/कारोबार गरी प्रचलित कानून बमोजिम तिनुपर्ने राजस्व समेत नतिरी/नबुझाई राजस्व छली गरेको कसुरमा अनुसन्धान तथा तहकिकात सम्पन्न गरी देश भारत, महाराष्ट्र प्रदेश, सोलापुर जिल्ला निमगाँउ ग्राम पञ्चायत, स्थायी ठेगाना भई हाल जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं ३२ वस्ने वर्ष २७ को योगेश्वर श्रीमंत मगर विरुद्ध सम्मानित श्री ललितपुर जिल्ला अदालत, ललितपुरमा अभियोग पत्र दायर गरिएको छ ।

देश भारत, महाराष्ट्र प्रदेश, सोलापुर जिल्ला निमगाँउ ग्राम पञ्चायत, स्थायी ठेगाना भई हाल जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं ३२ वस्ने वर्ष २७ को योगेश्वर श्रीमंत मगरले बिल बीजक, कागजात तथा प्रमाण विना ६९१.७९ ग्राम बहुमूल्य धातु सुनको भण्डारण/कारोबार गरी प्रचलित कानून बमोजिम नेपाल सरकारलाई नियमानुसार तिर्नु/बुझाउनु पर्ने राजस्व रकम नतिरी/नबुझाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा ३ विपरीतको कार्य गरी दफा ४ को (क), (ख), (छ) र (झ) को कसूर गरेको देखिँदा निजलाई रु.१,१९,४१,१०८/-(अक्षरेपी एक करोड उन्नाइस लाख एकचालीस हजार एक सय आठ मात्र) विगो कायम गरी सोही ऐनको दफा २३(१) बमोजिम बरामद भएको सुन जफत गरी विगो रकमको शतप्रतिशत रु.१,१९,४१,१०८/-(अक्षरेपी एक करोड उन्नाइस लाख एकचालीस हजार एक सय आठ मात्र) जरिवाना हुन र सोही ऐनको दफा २३(१)(ख) बमोजिम कैद सजाय हुन र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्क भराई पाउन समेतको मागदाबी लिई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २०(६) बमोजिम ललितपुर जिल्ला अदालत, ललितपुरमा मिति २०८२/११/२८ गते अभियोग पत्र दायर गरिएको छ ।

२०८२ साल फागुन २८ गते।

११/२८

आशिष अर्याल

(सूचना अधिकारी)




टेलिफोन : ५५२७८८५ महानिर्देशक, ५५५१८०२ उप - महानिर्देशक,

कन्ट्रोल रुम : ५०१००८५, एक्सचेन्ज ५०१०१०६, ५०१००५७, फ्याक्स : ५५४२०२३, टोल फ्री नम्बर : १६६० - ०१ - ५५०००

इमेल : info@drl.gov.np, वेभसाइट : www.drl.gov.np